आकाशवाणी

28-9-25 sun

मुख्य समाचार।

- प्रधानमन्त्रीले मानिसलाई **भोकल फर लोकलको** मन्त्रलाई स्मरण र ाख्दै आगामी चाडपर्व स्वदेशी उत्पादहरूका साथ मनाउने गर्नुभयो अपील
- तमिलनाडुमा , **टीवीके** पार्टीको र ेलीमा मचीएको  भ ागदड़मा, म ृत्यु भएकाहरूको निकटतम परिजनलाई **प्रधानमन्त्री राष्ट्रीय राहत कोषबाट** द ुई-द ुई लाख रूप ियाँको अनुग्रह राशि द िने घोषणा
- भाषा र बोल ीहरूको विविधता भए पनि भारत धर्मको सूत्रले ब ाध िएको उप-राष्ट्रपतिको भनाइ,
- विश्व हिन्दू परिषदले वक्फ संशोधन अधिनियम विरूद्ध अल इण्डिया मुस्लिम पर्सनल Law बोर्डको देशव्यापी विरोध प्रदर्शनको योजनामा प्रश्न उठायो
- रूसका विदेश मन्त्रीले पश्चिमी देशहरूलाई  दिनुभयो कडा चेतावनी ।

-------------

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले मानिसलाई **भोकल फर लोकलको** मन्त्रलाई स्मरण र ाख्दै आगामी चाडपर्व स्वदेशी उत्पादहरूका साथ मनाउने अपील गर्नुभयो । आज आकाशवाणीबाट **मन की बात** कार्यक्रमको एक सय छब्बिसऔं  कड़ीमा उहाँले

भन्नुभयो, आगामी दिनमा चाडपर्वहरू छन् र जीएसटी बचत उत्सव पनि चलिरहेको छ । श्री मोदीले भन्नुभयो, स्वदेशी उत्पाद किन्नाले खरीदनाले परिवारमा त खुशी आउँछ नै कारीगरको परिश्रमको पनि सम्मान हुनेछ र युवा उद्यमीहरूको सपनालाई पखेटा पनि लाग्नेछ । प्रधानमन्त्रीले भन्नुभयो , चाडपर्वको समयमा केवल घर मात्र नभएर बाटो, छिमेक, बाजार र गाउँको पनि स्वच्छतामा ध्यान दिनुपर्छ ।

प्रधानमन्त्रीले भन्नुभयो, नवरात्रमा शक्तिको उपासना गरिन्छ। उहाँले भन्नुभयो, कारोबारदेखि लिएर खेल जगत सम्म र शिक्षा देखि लिएर विज्ञान सम्म - हरेक क्षेत्रमा छोरीहरूले आफ्नो पहिचान बनाइरहेका छन् । श्री मोदीले भन्नुभयो, अब छठ पूजा एउटा वैश्विक उत्सवमा बदलिरहेको छ । उहाँले भन्नुभयो, सरकारले छठ महापर्वलाई यूनेस्कोको सांस्कृतिक धरोहर-सूचीमा शामेल गर्ने प्रयास गरिरहेको छ । श्री मोदीले भन्नुभयो, यस सूचीमा शामेल हुनाले विश्वभरका मानिसले छठ पूजाको भव्यता र दिव्यताको अनुभव गर्नसक्नेछन् । उहाँले सरकारको यस्तो प्रयासका कारण कोलकाताको दुर्गापूजा यूनेस्को सूचीमा शामेल भएको बताउनुभयो।

**सेवा पर्व - प्रधानमंत्री जन धन योजना**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले सेवा र सुशासनको भावनासंग परिवर्तन र प्रगतिका लागि अथक प्रयास गरिरहेको छ । सेवा पर्वको आफ्नो विशेष

श्रृंखलामा , **प्रधानमन्त्री जन-धन योजनाले** कसरी वित्तीय समावेशनलाई बढ़ावा मिलेको छ, लाखौं परिवारका लागि ब्याङ्किङ र बचतको सुविधा उपलब्ध भएको छ र उनीहरू कसरी मर्यादित जीवन जीउँदै आएका छन् सुनौं।

**करुर-भगदड़**

तमिलनाडुमा करुड़मा, **टीवीके** पार्टीको रेलीमा मचीएको भागदड़मा मृतहरूको संख्या चालिस भएको छ । दुर्घटनामा घाइते भएका अस्सी जनाको उपचार चलि रहेको छ जसमा दुई जनाको हालत गम्भीर छ। मृतकहरूको पहचानको काम पूरा गरिएको छ र शव परिजनलाई सुम्पिएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले दुर्घटनामा मारेका मानिसको निकटतम परिजनलाई **प्रधानमन्त्री राष्ट्रीय राहत कोषबाट** दुई-दुई लाख रूपियाँको अनुग्रह राशि दिने घोषणा गर्नुभएकोछ। घायइते भएकाहरूलाई पचास-पचास हज़ार रूपियाँ दिइनेछ।

**बिहार - उपराष्ट्रपति**

उप-राष्ट्रपति सी.पी. राधाकृष्णनले भन्नुभएकोछ, भाषा र बोलीहरूको विविधता भए पनि भारत एकजुटछ किनभने यो धर्मको सूत्रले बाधिएको छ । आज पटनामा **साहित्य अकादमीको** कार्यक्रम **'उन्मेष'-को** तेस्रो संस्करणको समापन समारोहमा उहाँले भन्नुभयो, देशका भाषाहरूले, साहित्य र संस्कृति अभिव्यक्तिको

साझा मूल्यलाई दर्शाउँछ। उप-राष्ट्रपतिले भन्नुभयो, उन्मेष 'एक भारत, श्रेष्ठ भारत'-को दृष्टिकोणको प्रतीक हो।

## 4-जयशंकर-संयुक्त राष्ट्र महासभा

विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशंकरले भन्नुभयो, भारतसंग  एउटा यस्तो छिमेकी देश छ जो वैश्विक आतंकवादको केन्द्र हो र भारतले आजादी पछि देखी नै आतंकवादको चुनौतीको सामना गरेकोछ । संयुक्त राष्ट्र महासभाको अस्सीऔं सत्रलाई सम्बोधन गर्दै डा. जयशंकरले ज़ोड दिनुभयो, दशकदेखि विश्वमा भएको ठूलो आतंकवादी हमलाको जड़ उही एउटा देश सेंग  जोड़ीरहेको छ । उहाँले भन्नुभयो, संयुक्त राष्ट्रको आतंकवादीहरूको सूचीमा उसको नागरिक पनि शामेल छ । विदेश मन्त्रीले यस साल अप्रेलमा भएको पहलगाम आतंकी हमलाको पनि कुरा गर्नुभयो , जसमा निर्दोष पर्यटकहरूको हत्या गरिएको थियो।

उहाँले भन्नुभयो , भारतले आतंकवाद विरूद्ध आफ्नो मानिसको रक्षा गर्ने आफ्नो अधिकारको प्रयोग गर्यो र यसका अपराधीहरूलाई न्यायको कटघरामा खड़ा गर्‍यो। डा. जयशंकरले भन्नुभयो , संयुक्त राष्ट्र यस समय संकटको स्थितिमा छ । उहाँले भन्नुभयो, सुधारहरूको विरोध संयुक्त राष्ट्रको विश्वसनीयताको क्षरणको मुख्य कारण रहेको छ । उहाँले परिषदको स्थायी र अस्थायी, दुबै सदस्यताको

विस्तारको आह्वान गर्नुभयो । उहाँले भन्नुभयो, एउटा सुधारित परिषदलाई वास्तवमा प्रतिनिधित्वपूर्ण हुनुपर्छ र भारत ठूलो  ज़िम्मेबारी उठाउनका लागि तयार छ ।

## विश्व हिन्दू परिषद-एआईएमपीएलबी विरोध

विश्व हिन्दू परिषदले वक्फ संशोधन अधिनियम विरूद्ध अल इण्डिया मुस्लिम पर्सनल Law बोर्डको देशव्यापी विरोध प्रदर्शनको योजनामा प्रश्न उठायो । परिषदले यसलाई लिएर हिंसक घटनाहरू रोक्नका लागि केन्द्र र राज्य सरकारले कड़ा निगरानी राख्ने आग्रह गरेको छ । विश्व हिन्दू परिषदले सर्वोच्च न्यायालयसंग पनि यस मामिलाको संज्ञान लिने आग्रह गऱ्यो र आरोप लगाएकोछ, मुस्लिम पर्सनल  Law बोर्ड यस मामिलामा एउटा  याचिकाकर्ता हो र उसले न्यायपालिकाको अन्तिम फैसलाको पर्खाइ नरगी उसमा दबाव बनाउनका लागि विरोध प्रदर्शनको योजना बनाएको छ।

नयाँ दिल्लीमा संवाददाता सम्मेलनलाई सम्बोधन गर्दै , विश्व हिन्दू परिषदका अध्यक्ष आलोक कुमारले भन्नुभयो, मुस्लिम पर्सनल Law बोर्ड र अन्य मुस्लिम संगठनहरूले वक्फ कानूनमा संशोधन विरूद्ध देश भरीका मुसलमान संग एक दिनका लागि आफ्नो दोकान र संस्थान बन्द राख्ने आह्वान गर्नुभयो ।

## 11-रूस- नाटो चेतावनी

रूसका विदेश मन्त्री सर्गेई लावरोवले पश्चिमी देशहरूलाई कडा चेतावनी दिनुभएको छ । संयुक्त राष्ट्र महासभामा आफ्नो सम्बोधनमा उहाँले नाटो र यूरोपीय संघमा रूसका विरूद्ध वास्तविक युद्ध छेड़ने आरोप लगाउनुभयो । श्री लावरोवले ज़ोड दिँदै भन्नुभयो, रूसको नाटोको  देशमा हमला गर्ने कुनै इरादा छैन । साथै, विदेश मन्त्रीले सीधा  धमकी दिनुभयो, रूसका विरूध कुनै पनि आक्रमणको निर्णायक जवाब दिइनेछ र नाटो तथा यूरोपीय संघका सदस्यलाई यस बारेमा कुनै सन्देह नहुनुपर्छ । यो चेतावनी नाको पूर्वी हिस्सामा बढ़दो तनाव बीच आएको छ ।

## मौसम

अगिलो तीन-चार दिन सम्म कोनकण, मध्य महाराष्ट्र र गुजरातमा मूसलाधारे वर्षा र केही स्थानमा अत्यधिक तेज वर्षाको अनुमान गरिएको छ । अण्डमान र निकोबार द्वीप समूह, आन्ध्र प्रदेश, पूर्वी राजस्थान, गुजरात, कोनकण, गोवा, मध्य महाराष्ट्र र तेलंगानाको केही स्थानमा गरज र तेज़ हवाका साथ पानी पर्ने पनि अनुमान गरिएको छ।